# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

माननीय परराष्ट्र मन्त्रीज्यूको साथमा त्यस मन्त्रालयका सचिव श्री नरेन्द्र-विक्रम शाह पनि भारतको नयाँ दिल्ली जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री यादवकान्त सिलवाललाई मिति २०४६।९।२० देखि कायम मुकायम मुकरर गरेको छ ।

### सूचना २

श्री ५ महाराजाधिराज सरकारबाट गरिबक्सने पश्चिमाञ्चल क्षेत्रको अनौपचारिक सवारी भ्रमणका सिलसिलामा गृह मन्त्रालयका का.मु. सचिव श्री भक्तबहादुर कोइराला सवारी मन्त्रालयको सचिव पदमा खटिई पोखरा जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री योगेन्द्रनाथ ओझालाई मिति २०४६।९।२४ देखि कायम मुकायम मुकरर गरेको छ।

### सूचना ३

श्री ५ महाराजाधिराज सरकारबाट गरिबक्सने पश्चिमाञ्चल विकास क्षेत्रको भ्रमणको सिलसिलामा राष्ट्रिय योजना आयोगको सचिवालयका सचिव श्री मधुसूदन ढकाल पोखरातर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही सचिवालयका अतिरिक्त सचिव श्री पृथुनरसिंह राणालाई मिति २०४६।९।२४ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
नरसिंहनारायण सिंह
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४२५